तिलागुफा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**गाल्जे बजार जुविथा, कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

## खाद्यान्न आपूर्ति सम्बन्धी शिलवन्दी बोलपत्र आव्हानको सुचना

प्रथम पटक प्रकाशित मिति २०७७/०१/०७

तिलागुफा नगरपालिको चालु आ.व.मा पौष १५, २०७६ चिनको वुहान प्रान्त बाट सुरु भएको COVID -19 कोरोना भाईरस सङ्क्रण भई सो रोगको प्रकोपले हाल नेपालमा समेत सङ्क्रण भई नेपाल पूर्णरुपमा LOCK DOWN भईरहेको अवस्थामा यस नगरपालिका अर्न्तगत ११ वटै वडाहरुमा रहेका अति विपन्न,सिमान्तकृत, असहाय, अशक्त घरधुरीको परिवारको लागि तपशिलमा उल्लेखीत अति आवश्यक खाद्यान्न (चामल, दाल, तेल) तत्काल आपूर्ति गर्नुपर्ने भएकाले सम्वन्धीत इजाजत पत्र प्राप्त इच्छुक व्यक्ति फर्म तथा कम्पनी बाट निम्नशर्तको अधिनमा रही रित पूर्वक सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४५ को उपनियम, ३ बमोजिम सिलवन्दी बोलपत्र आव्हान गरिएको छ ।

१ यो सुचनाप्रकाशन भएको मितिले २०७७/०१/१४ गतेभित्र *कम्पनी/फर्म* नविकरण भएको इजाजत प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, आयकर दर्ताको प्रमाणित प्रतिलिपी, मुल्यअभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपी र आ.व. २०७५।०७६ को करचुक्ताको प्रमाणित प्रतिलिपि संलग्न राखी रु.१० को टिकट निवेदनमा टास गरी कार्यालय समय भित्र छुटा छुटै निवेदन बाट रु ३०००। तिरी सिलवन्दी बोलपत्र फाराम दस्तुर (फिर्ता नहुने गरी) बुझाई वा बोलपत्र दस्तुर बापतको रकम रु ३,०००।०० नेपाल इन्भेष्टमेन्ट बैंक, शाखा कार्यालय नाम्म कलिकोटमा खोलेको राजश्व खाता नं ०६२०१०५०२५०३५१, यस तिलागुफा नगर कार्यापालिकाको कार्यालय नाममा रहेको खातामा रकम जम्मा गरी सक्कल भौचर पेश गरी यस कार्यालय बाट सिलवन्दी बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।
२ बोलपत्र पत्रदाताले बोलपत्र खरिद गर्दा कार्यालय प्रमुखको दस्तखत र कार्यालयको छाप लागेको बोलपत्र फाराम खरिद गर्नु पर्नेछ । खरिद भएको बोलपत्र यो सुचना प्रकाशित भएको मितिले २०७७/०१/१५गते दिनको १२ :०० बजे भित्र सिलवन्दी बोलपत्रफाराम सहिछाप गरी बोलपत्रदाताको नाम ठेगाना सर्म्पक नं. खुलाई बोलपत्र यस कार्यालयमा दर्ता गराउन सकिनेछ ।
३ दर्ता भएका सिलवन्दी बोलपत्रहरु सोही दिनको १:०० बजे बोलपत्र दाता वा निजहरुका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजहरुका प्रतिनिधि उपस्थित नभएमा पनि सिलवन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।
४ बोलपत्र पेश गर्ने अन्तीम दिन तथा खोल्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु त्यस पछिको लगतै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्यहरु हुनेछ ।
५ बोलपत्रदर्ता गर्दा सुचना अनुसार उल्लेखित रकम तिलागुफा नगरपालिकाको नाममा नेपाल इन्भेष्टमेन्ट वैक शाखा कार्यालय नाग्म स्थित धरौटी खाता.न. ०६२०१०५०२५०३८२ मा जम्मा गरेको सक्कलै वैक भौचर वा मान्यताप्राप्त 'क' बर्गको वैकवाट यस कार्यलयको नाममाजारी भएको प्रचलित कानुनले तोकेको अवधीभएको बोलपत्र जमानी पत्र (विडवन्ड) सक्कल कागजात बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।
६ कुनै कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा दरभाउ स्वीकृत गर्ने वानगर्ने अधिकार यस कार्यालयमा निहित हुनेछ ।
७ सिलवन्दी बोलपत्रमा दररेट उल्लेख गर्दा दर स्पष्ट रुपमा अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्ने गएमा अक्षरलाई मान्यता दिईनेछ ।
८ कार्यालयको आवश्यकता अनुसार सिलवन्दी बोलपत्रउल्लेखित परिमाणमा थपघट गर्न सकिनेछ ।
९ अन्य कुराको हकमा सार्वजनिकखरिद ऐन २०६३ र सार्वजनिकखरिद नियमावली २०६४ बमोजिम हुनेछ ।
१० अन्य कुराहरु बुझ्न परे यस कार्यालयमा इमेल ठेगाना tilagufamun@gmail.com मा वा सम्पर्क मोवाईल नं ९८४८१६०२४० मा गर्न सकिने छ ।

| ठेक्का नं | कामको विवरण | कुल ल.ई. रकम रु.(मु.अ.कर सहित) | धरौटी रु. | बोलपत्र दस्तुर फिर्ता नहुने गरी | कैफियत |
|---|---|---|---|---|---|
| **TGM/NCB/RSC/076/77/ GOOD/01** | तोकिएको स्पेसिफिकेसन तथा BOQ को परिमाण अनुसार खाद्यान्न साम्रागी खरिद गरी न.पा. को केन्द्र सम्म ढुवानी गनुपर्ने कार्य । | रु १०,९३२,८६३।०० | रु.२९५,०००।०० (बोलपत्रदा खिलाको अन्तिम दिन देखी १२० दिनको अवधि रहेको) | ३,०००। | |

नोट : सामाजिक दुरी कायम गरि कामकाज गरिने छ ।

नि.प्रमुख प्रशासकिय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत